RR Interdisciplinary Journal
Vol. 5, No. 5, 89-96, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78929

# *पृथ्वीन्द्रोदय* महाकाव्यको द्वन्द्वात्मक अध्ययन

**डा. गोविन्दप्रसाद आचार्य**[1]

**लेखसार**

*प्रस्तुत लेखमा पृथ्वीन्द्रोदय महाकाव्यमा द्वन्द्वको अवस्थाको विवेचना गरिएको छ । गोरखाका राजा पृथ्वीनारायण शाहलाई केन्द्रमा राखेर समकालीन गोरखा राज्यको विस्तार भएर विशाल नेपालसम्म विचरित एकीकरण अभियानमा देखिएका द्वन्द्वका तत्त्वका स्थापित मान्यतामा आधारित रहेर विश्लेषण गरिएको छ । राज्य विस्तारका क्रममा राजा पृथ्वीनारायण खड्ग लिएर युद्धको मैदानमा थिए र उनले नै युद्धको नेतृत्व गरेका थिए । पृथ्वीनारायणको वीरता, धीरता र शौर्यको गाथा कोरिनुको साथै तत्कालीन सामाजिक जीवनको अवस्था, आर्थिक व्यवहार र राजनीतिक परिवेशको चित्र समेत उतारिएको छ । महाकाव्यमा उथलपुथल भइरहेको राजनीति मात्र नभएर तत्कालीन समाजको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षका विभिन्न अवस्थाबारे पनि वर्णन गरिएको छ । यस लेखमा उदयानन्द अर्ज्यालको पृथ्वीन्द्रोदय महाकाव्यलाई प्राथमिक स्रोत सामग्री र द्वन्द्वसँग सम्बद्ध समालोचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्राप्त तथ्यहरूलाई विश्लेषण विधिद्वारा विवेचना गरिएको छ । त्यो युगमा नेपालको सन्दर्भमा एकीकरणको सोचाइ धेरै दुर्गममा पर्दथ्यो । तर राज्य विस्तारको सोचाइ भने राजनीतिको व्यावहारिक जीवनमा लागु हुँदै आएको थियो । त्यतिबेलाको समाजको आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई केन्द्रमा राखेर नायक राजा पृथ्वीइन्द्रको वीरता, धीरता र शौर्यतालाई महाकाव्यको सम्पदा बनाइएको छ । उपत्यकाका राज्यहरूको आपसी शङ्का र अनुदार चरित्रले गर्दा पछिल्लो समयमा अपनाएको कुटनीतिले काम गर्न नसकेकोले पृथ्वीनारायण शाहले जित हासिल गर्न सहज भएको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** अतिरञ्जना, गुणगाथा, धीरता, लोकार्षण, विराजित

## विषय परिचय

उदयानन्द अर्ज्यालले नेपाली काव्यको विकासमा महाकव्य दिइएर विशेष गुन लगाएका छन् । इतिहासकार ज्ञानमणि नेपालले यो महाकाव्यलाई लेख्दालेख्दै अपूर्ण छोडिएको बताएका छन् । नेपालले महाकाव्यकार पं. उदायनन्द अर्ज्यालको पूर्वजको समेत अनुसन्धान गरी उनको जीवनीबारे धेरै तथ्य प्रकाशमा ल्याउनुका साथै पृथ्वीन्द्रोदय महाकाव्यको समीक्षा समेत गरेका छन् । प्रस्तुत महाकाव्यको लेखन परम्परा र प्रवृत्ति पूर्वीय काव्यिक दर्शनमाथि पूर्ण रूपले आधारित रहेको छ । पूर्वीय महाकाव्य परम्परामा तीनसय भन्दा बढी श्लोक हुनुपर्ने, आठभन्दा बढी सर्ग व्यवस्था, नायक उच्च कुलको धीरज र शौर्यताले भरिपूर्ण हुनुपर्ने, विभिन्न छन्दको प्रयोग, अनुप्रास, यति गति सहित विशाल कथावस्तुमा आधारित भएर महाकाव्य लेखिनुपर्छ भन्ने मान्यता र प्रवृत्तिलाई यो महाकाव्यले पूर्ण रूपले पालन गरेको छ । त्यस अनुसार यस महाकाव्यमा मङ्गलाचरण र उपसंहारका श्लोक बाहेक ८३९ श्लोक, १३ प्रकरण (सर्ग), नायकको रूपमा गोरखाका राजा पृथ्वीनारायण शाहलाई छनौट गरी उनको युद्ध कौशलता र राज्य विस्तारको अभियानलाई यो महाकाव्यमा मुख्य सम्पदाको रूपमा रहनुका साथै विशाल कथावस्तु निर्माण हुन गएको छ । उनी राज्य विस्तारको महत्त्वाकाङ्क्षी खड्गधारी र क्षेत्रीय र कुलीन दुबै रूपमा उच्च रहेका छन् । राज्य विस्तारको विस्तृत कथा उल्लेख भएकोले कथावस्तु विशाल रहेको छ । यसरी पूर्वीय काव्य परम्परालाई यो महाकाव्यले पूर्ण रूपमा पछ्याएको छ । यो महाकाव्यको संरचना पनि सोही अनुसार

[1] उपप्राध्यापक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।
Email: govindapacharya@gmail.com

निर्माण भएको छ र नायकको श्रेष्ठता, उच्चताका साथै संयोगान्तमा लिएर टुङ्ग्याउने प्रवृत्तिलाई यो महाकाव्यले पूरा आत्मसात् गरेको छ ।

गोरखा नृप पृथ्वीनारायणको राजकीय मण्डन गरिएको प्रस्तुत महाकाव्यमा बाह्र हजार घरधुरी भएको एउटा सानो राज्य विशाल नेपालमा रूपान्तरण हुँदै गएका विभिन्न दृश्यलाई कलात्मक रूपमा महाकाव्यकार उदयानन्द अर्ज्यालले प्रस्तुत गरेका छन् । गोरखा राज्यको शैक्षिक, सामाजिक र राजनीतिक पक्षलाई पनि महाकाव्यमा उजागर गरिएको छ । विवाहसंस्कार, धार्मिक क्रियाकलाप, जाति वर्णको व्यवस्था, जातअनुसारको टीका, वर्ण धर्म र वेदान्त आदिबारे कविले काव्यभरि नै वर्णन गरेका छन् । त्यसबेला प्रयोग भएका युद्धका हतियार, लोकजीवनमा प्रयोगमा ल्याइएका बाजा, नाच, रहनसहन आदिबारे महाकाव्यमा वर्णन गरिएको छ । त्यसरी युद्धदेखि सामाजिक, राजनीतिक, सांस्कृतिक आदि पक्षको वर्णन भएको यो महाकाव्य अपूरो छोडिएको अवस्थामा पाण्डुलिपिको खोज र अनुसन्धान इतिहासकार ज्ञानमणि नेपालले गरेका हुन् । यो महाकाव्यको *पृथ्वीन्द्रोदय* भनी नामाकरण पनि नेपालले नै गरेका थिए । यो महाकाव्य हो भन्ने कुराको ठेगान पनि उनले नै गरेका थिए । वर्तमान नेपालको ऐतिहासिकताको बोध दिने यस महाकाव्यमा कैयौं प्रमाणिक तथ्य पनि प्रस्तुत गरिएका छन् । नेपाल मण्डल अन्तर्गतमा रहेका कैयौं साना राज्य आफ्नो शक्ति सुदृढ गर्ने धुनमा रहेको तत्कालीन परिस्थितिमा पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियानले शक्तिशाली रूप लिएको थियो । त्यो अवस्थामा गोरखा वरिपरि रहेका साना राज्य, मकवानपुर, नुवाकोट र काठमाडौ उपत्यकाका तीन राज्यमा गोरखाले युद्ध लड्नु परेको थियो । स्वयम् राजा पृथ्वीनारायण खड्ग लिएर युद्धको मैदानमा थिए र उनले नै युद्धको नेतृत्व गरेका थिए । प्रस्तुत महाकाव्यमा पृथ्वीनारायणको वीरता, धीरता र शौर्यको गाथा कोरिनुको साथै तत्कालीन सामाजिक जीवनको अवस्था, आर्थिक व्यवहार र राजनीतिक परिवेशको चित्र समेत उतारिएको छ ।

## सैद्धान्तिक पर्याधार

संस्कृति भाषिक सभ्यतामा महाकाव्य सिद्धान्तको पूर्वीय मान्यतालाई सर्वश्रेष्ठ मानिन्छ । त्यस अनुसार विभिन्न विभिन्न विद्वानले महाकाव्य सम्बन्धी मत प्रकट गरेका छन् । कविताको बृहत रूप वा ठुलो एकाइ महाकाव्य हो (त्रिपाठी, २०५२, भूमिका) । यस सिद्धान्त अनुसार यो विभिन्न छन्दमा रचित बृहत विषयवस्तुको वर्णन र ऐतिहासिकतालाई उल्लेख गर्दै ८३९ भन्दा बढी श्लोक र १३ प्रकरणमा रचित भएकोले कविताको बृहत रूपमा यो महाकाव्य रहेको छ । भामहको अनुसार : लामो कथानक भएको, महान् चरित्रमा आधारित नाटकीय पञ्चसन्धिद्वारा युक्त, उत्कृष्ट एवं अलंकृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यहरूको बर्णन गर्ने सर्गबद्ध, सुखान्त काव्य नै महाकाव्य हो (जोशी, २०५२, पृ. १३५) । प्रस्तुत महाकाव्यमा पृथ्वीनारायण शाहको जीवनका विविध पक्ष, तत्कालीन राजनीतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षलाई आधार बनाएर लामो कथानकमा महाकाव्यको बुनोट तयार गरिएको छ । महाकाव्यमा विभिन्न राज्यका राजाका साथै गोरखाका राजा र जनताको युद्ध उद्वेलित प्रवृत्ति पनि नाटकीय रूपमा प्रस्तुत गरिएको छ । संवाद, पत्राचार, भोज, स्वागत, विदाइ, हाँक आदि विभिन्न माध्यमबाट कवितात्मक बनाउँदै छन्दोबद्ध गर्ने प्रयत्न गर्दै जीवनका विविध रूप र कार्यको वर्णन गरिएको छ र काव्य अपूरो अवस्थामा छोडिएको भएपनि सुखान्त र संयोगान्ततर्फ ढल्काउँदै लगिएकोले पूर्वीय सिद्धान्त अनुसार यो महाकाव्य निर्माण भएको स्पष्ट छ । दण्डीका अनुसारः महाकाव्य सर्गहरुमा बाँधिएको हुन्छ यसको प्रारम्भ मङ्गलाचरणद्वारा गरिन्छ र कथानक इतिहासप्रसिद्ध वा कुनै सत् (सत्य) मा आधारित हुन्छ ( जोशी, २०५२, पृ. १३६) । महाकाव्य मङ्गलाचरणद्वारा नै सुरू गरिएको छ र तेह्र प्रकरणमा बाँधिनुको साथै पृथ्वीनारायण शाह इतिहासप्रसिद्ध पात्र भएकोले उपर्युक्त पूर्वीय मान्यता अनुसार यो महाकाव्यको निर्माण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा गुणात्मक ढाँचाको उपयोग गरिएको छ । यो लेखमा प्राथमिक स्रोत सामग्रीका रूपमा उदयानन्द अर्ज्यालको *पृथ्वीन्द्रोदय महाकाव्य*को प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा द्वन्द्व चिन्तन सम्बद्ध सामग्रीहरूलाई उपयोग गरिएको छ । प्रस्तुत लेखमा उदयानन्द अर्ज्यालको *पृथ्वीन्द्रोदय महाकाव्य*मा राज्य

विस्तारको द्वन्द्वलाई आधार मानेर विश्लेषण गरी निष्कर्ष निकालिएकाले यो अनुसन्धानात्मक लेखको प्रस्तुतीकरणको विधि विश्लेषणात्मक रहेको छ ।

## विमर्श र नतिजा

उदयानन्द अर्ज्यालको *पृथ्वीन्द्रोदय महाकाव्य*लाई द्वन्द्वका आधारमा विभिन्न शीर्षक, उपशीर्षकमा विभक्त गरी विवेचना गरेर द्वन्द्वका दृष्टिले उदयानन्द अर्ज्यालको *पृथ्वीन्द्रोदय महाकाव्य* द्वन्द्वयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

### *पृथ्वीन्द्रोदय* महाकाव्यको ऐतिहासिकता

महाकाव्यकार उदयानन्द अर्ज्यालले पृथ्वीनारायण शाहको उत्तरार्धकाललाई प्रत्यक्ष अनुभव गरेका थिए । पृथ्वीनारायणको मृत्यु हुँदा महाकाव्यकार १९ वर्षको लक्का जवान भएकोले उनले समकालीन राजनीतिक परिस्थिति र राजाको नीतिलाई पनि राम्रोसँग बुझ्ने मौका पाएका थिए । त्यसले गर्दा राजभक्ति हुनुको कारणले पृथ्वीनारायण शाहको कमजोर पक्षलाई समेत उल्लेख गर्न सक्ने स्थिति नरहेको भएपनि तत्कालको अवस्थाप्रति प्रत्यक्षदर्शी वा साक्षी भएकाले महाकाव्यकारलाई ऐतिहासिक सत्यबाट पूरै भाग्न सक्ने स्थिति पनि रहन्न । त्यसैले महाकाव्यमा राजाका गुणगाथा गुथेको भएपनि इतिहासका विभिन्न पक्षलाई पनि महाकाव्यमा वर्णन गरिएको छ । तत्कालीन गोरखा, मकवानपुर, नुवाकोट र काठमाडौ उपत्यकाका राज्यको राजनीतिक स्थितिलाई महाकाव्यमा विश्लेषण गरिएको छ : भक्तपुरमा राजा प्रजाको आपसका सौहार्द सुसम्बन्ध र कान्तिपुरका भाइभारदार प्रजाहरूप्रतिको अनास्था मनोमालिन्य र राजाको मर्दानीको साथ मनोमानीलाई आफ्ना कवितमार्फत उजागर गर्दै ललितपुरका राजाको नाम मात्रको निरीह अस्तित्व काजी कहलिएका छ प्रधानहरूकै मात्र प्रभुत्व हालीमुहाली र तिनको मनपरीतन्त्रलाई नि कविले विस्तारसँग राम्ररी छर्लङ्ग्याएका छन् (अर्ज्याल, २०६८, उदृत ज्ञानमणि नेपाल, पृथ्वीन्द्रोदय महाकाव्य समीक्षाभाग, पृ. ५९८) ।

नेपाल पहिले नेपालकै अवस्थामा थिएन । यहाँ नेपालमण्डल थियो र त्यस अन्तर्गत कैयौँ टुक्रे राज्य थिए । अहिलेको नेपाल हुन जनताको बलिदान र वीरताको भूमिका रहेको छ । त्यसरी निर्माण भएको नेपालको मुख्य जस पृथ्वीनारायण शाहलाई दिइने गरेको भएपनि पक्ष-विपक्ष सबै राजा र जनताको भूमिकाले मात्र अहिलेको नेपालको नक्सा निर्माण हुन सकेको कुरा पृथ्वीन्द्रोय महाकाव्यको विवरणले प्रस्तुत गरेको छ । किनभने आजको नेपाल एकीकरणको योजनाबाट प्रस्तुत गरिएको सर्वसम्मतको चित्र नभएर विस्तारको योजनाबाट प्राप्त उपलब्धि हुनाको साथै कब्जा र रक्षाको दाउपेचबाट रचना हुन गएको इतिहास थियो भन्ने कुरालाई यसका विवरणले देखाउँछ । इतिहास निर्माणको विभिन्न घटनाक्रमको रूपमा विशाल नेपाल चित्र अगाडि आएको थियो । ती विभिन्न घटनाक्रमको सन्दर्भमा पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियान र वर्तमान नेपालको ऐतिहासिक निर्माण प्रक्रियाको चित्र देख्न सकिन्छ । त्यसरी ऐतिहासिक विषय महाकाव्यीय ढाँचामा प्रस्तुत भएकाले यो महाकाव्य ऐतिहासिक विषयवस्तुको महाकाव्य बनेको छ । महाकाव्यमा उथलपुथल भइरहेको राजनीति मात्र नभएर तत्कालीन समाजको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षका विभिन्न अवस्थाबारे पनि वर्णन गरिएको छ ।

### एकीकरण र विस्तार

पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियानलाई एकीकरण शब्दबाट कहिलेदेखि सम्बोधन गर्न थालिएको थियो, त्यो निश्चित भएको पाइएको छैन । त्यसरी एकीकरण शब्दलाई जहिले प्रयोग गरिएको भएपनि स्वयम् पृथ्वीनारायण शाहको अभियानको प्रकृतिमाथि विचार गर्दा एकीकरणको योजना नभएर राज्य विस्तारको उद्देश्य भनेर बुझ्न बढी सहज र आधिकारिक हुने देखिन्छ । त्यसैले एकीकरण शब्दको प्रयोग पछि नै प्रयोग भएको कुरामा शङ्का गर्नुपर्ने स्थिति छैन । तत्कालीन राजनीतिक परिस्थिति, विभिन्न राज्य र स्वयम् पृथ्वीनारायण शाहको शासकीय प्रवृत्तिमाथि विचार गर्दा पनि उनले मात्र एकीकरण गर्नुपर्ने दार्शनिक मान्यता केही पनि देखिन्न । विखण्डित रहेको देशलाई एकीकृत गर्नुपर्ने राजनीतिक, सामाजिक वा भौगोलिक आवश्यकताको दर्शनलाई पृथ्वीनारायण शाहले पछ्याएर एकीकरणको योजनाबद्ध कार्यलाई अगाडि बढाएको भन्न सकिने अवस्था छैन । त्यसैले उनले एकीकरण गर्नुपर्ने कुनै कारण थिएन । पहिले नै नेपालमण्डलमा बाइसे, चौबिसे, चौदण्डी, विजयपुर र काठमाडौ उपत्यकामा स्वतन्त्र अस्तित्वमा रहेका विभिन्न राज्य थिए । ती सबै राज्यले आफूलाई

शक्तिशाली बनाउन विभिन्न प्रयत्न गर्ने गर्दथे । त्यसले गर्दा उनीहरू कतिपय बिच आपसी युद्ध पनि हुने गर्दथ्यो । त्यो सन्दर्भमा गोरखा राज्यका शासक पृथ्वीनारायण शाहले पनि गोरखा राज्यको विस्तारको उद्देश्य लिएर नै आफ्नो राज्य विस्तारको अभियानलाई अगाडि बढाएको कुरामा शङ्का गर्नुपर्ने स्थिति छैन । राज्य विस्तारको अभियानमा उनी सफल हुँदै गएपछि गोरखा राज्यको आकार बृहत बन्न गएको थियो र राजाले राज्यको नीति बनाउने नियमानुसार आफ्नो राज्यको नाम बदल्नका साथै राजधानी पनि बदलेको र विभिन्न नीति र रीति बनाई लागू गरेका थिए । उनले त्यसरी विस्तार गरेको राज्य पछि एकीकृत अवस्थामा दृश्यित भयो र विभिन्न व्याख्याकारले त्यसलाई एकीकरण भनेर स्थापित गरिदिए । यसरी एकीकरण वा विस्तार जे भएपनि नेपालको एकीकरण हुन गयो ।

प्रज्ञा नेपाली बृहत् शब्दकोशमा एकीकरण शब्दको अर्थ दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति संस्था आदिलाई मिलाएर एक बनाउने काम । सम्बन्धित विषयलाई मिलाएर एकता वा मतैक्य स्थापित गर्ने काम भनेर उल्लेख गरिएको छ । सोही शब्दकोशमा विस्तार शब्दको अर्थ फैलाउने काम, फैलावट । विशालता । विस्तृत रूपमा दिइएको विवरण । भनेर उल्लेख गरिएको छ । त्यसरी एकीकरण गर्दा दुई वा दुई भन्दा बढी परिमाणलाई मिलाएर एक बनाउने काम हुँदा त्यसको आकारमा फैलावट आउने काम हुन्छ । यसरी एकीकरण हुँदा विस्तार हुने अर्थ स्वतः हुन्छ तर विस्तार हुनुको अर्थ एकीकरण नै हुन्छ भन्ने हुँदैन । एकीकरणको सिद्धान्तलाई घटनास्थितिमा मेल खानेगरी जोडिदिएपछि पनि विस्तारको अर्थ एकीकरण बन्ने हुन सक्दछ । पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियान पछिल्लो विषयसित बढी मेल खान्छ । अर्को पक्ष पनि छ, एकीकरण शब्दमा सकारात्मकता बढी हुन्छ । एकीकरण अलग अस्तित्वमा रहेकाको बिचको सहमति भई निःसन्देह एकरूपता कायम हुनु हो भने विस्तार अलि फरक प्रकारले अलग अस्तित्वमा रहेकाको बिचको द्वन्द्व र ध्वंसको परिणामको रूपमा कुनै एउटा पक्षको मात्र अस्तित्व झल्किनु पनि हुन सक्दछ ।

पृथ्वीनारायण शाहकालीन नेपाल मण्डल अन्तर्गतका सबै राज्यहरूले आफूलाई सुदृढ बनाउने रणनीतिका साथ काम गर्दथे । त्यसैले उनीहरूले कमजोर राज्यलाई आफूमा मिलाउने प्रयत्न पनि गर्दथे । बलियो शत्रुबाट सुरक्षित रहनका लागि आपसी सम्बन्धको कुटनीतिलाई पनि अँगाल्ने गरेका थिए । विवाह, मितेरी, व्यापार आदि सम्बन्धलाई त्यस प्रकारका कुटनीति र युद्ध नीतिको रणनीति समेतको रूपमा लिन सकिन्छ ।

त्यो युगमा नेपालको सन्दर्भमा एकीकरणको सोचाइ धेरै दुर्गममा पर्दथ्यो । तर राज्य विस्तारको सोचाइ भने राजनीतिको व्यवहारिक जीवनमा लागू हुँदै आएको थियो ।

### महाकाव्यको कथावस्तु

पृथ्वीन्द्रोदय महाकाव्यमा गोरखाका राजा पृथ्वीनारायण शाहलाई केन्द्रमा राखेर समकालीन गोरखा राज्यको विस्तार भएर विशाल नेपालसम्म विचरित एकीकरण अभियानको कथा समेटिएको छ । तेह्रवटा प्रकरणमा व्यवस्था गरिएको यस महाकाव्यको पहिले प्रकरण पृथ्वीन्द्रको वर्णन हो । यस प्रकरणअन्तर्गत पृथ्वीनारायण शाहको वृद्धि हुँदै गएको प्रतिष्ठा र लोकार्षण, गोरखा दरबारमा पृथ्वीनारायण शाहको यज्ञादि कर्म, विवाह र काशीयात्रा, बिर्तादानको बारे चर्चा गरिएको छ । पृथ्वीनारायण शाहको जीवनको महत्त्वपूर्ण भागमा महाकाव्यले पृथ्वीनारायण शाहको काठमाडौ उपत्यकामा विजय सम्मको कथालाई प्रतिनिधित्व गर्ने सङ्केत गर्दछ । मकवानपुर र नुवाकोट विजयपछि लुटिकोट (बालाजु) मा अड्डा जमाएर बसेको शक्तिबल्लभ अर्ज्याल सहितको १७ जनाको समूहले काठमाडौ उपत्यकाको हाल बुझेर नुवाकोटमा विराजित राजा पृथ्वीनारायण शाहको हजुरीमा गएर विन्ती बिसाउँदै पृथ्वीन्द्र औतारी नै हुन् भनेर महाकाव्य अगाडि बढ्नबाट रोकिन्छ । विषयवस्तुलाई बृहद ढङ्गले उठान गरेकोले महाकाव्यको प्रसङ्ग यहींनेर समाप्त हुने स्थिति रहँदैन । भक्तपुरका राजा रणजीत मल्लसित भएको युद्ध र जयप्रकाश मल्लसित त्यसैले इतिहासकार ज्ञानमणि नेपालले यो महाकाव्यलाई लेख्दालेख्दै अपूर्ण छोडिएको भनेर उल्लेख गरेका छन् ।

### महाकाव्यको सम्पदा

महाकाव्यको मुख्य सम्पदा पृथ्वीनारायण शाहको वीरता, युद्ध कौशलता र कुटनीतिक चातुर्यता हो । उनको यिनै विशेषतालाई पछ्याएर महाकाव्यको सम्पूर्ण कथावस्तुको बुनोट भएको छ । पृथ्वीनारायण शाहले

नेपाल एकीकरणको बेलामा पूरै वीरताका साथ अभियानलाई अगाडि बढाएका छन् । पृथ्वीनारायण शाहको राज्यविस्तारको अभियानमा हजारौँ जीवनको आहुति भएको थियो । उनको विपक्षका सेनामा पनि त्यही प्रकारले जीवनको आहुति भएको थियो । वीरतापूर्वक मानवजीवन बलिदान होमिएको थियो । आ-आफ्नो राज्यको सुरक्षा गर्ने उद्देश्यका साथ राजा-प्रजा सबै युद्धको मैदानमा ओर्लिएका थिए । पृथ्वीनारायण शाहको युद्ध वैभवतालाई केन्द्रमा राखेर महाकाव्यको सिर्जना गरिएको छ । त्यतिबेलाको समाजको आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई केन्द्रमा राखेर नायक राजा पृथ्वीइन्द्रको वीरता, धीरता र शौर्यतालाई महाकाव्यको सम्पदा बनाइएको छ ।

## तत्कालीन राज्य कुटनीतिको चित्र

तत्कालीन राज्यका बिचमा विवाह सम्बन्ध, मितेरी साइनो, व्यापार सम्बन्ध, पत्रव्यवहार, दुतहरूको आवातजावात, राजाहरूको विभिन्न राज्यमा यात्रा, उपहार-सौगात आदानप्रदान, दानबकस, भोज आयोजना, उपाधि, स्वागत, बिदाइ, इनाम बकस, नाकाबन्दी, युद्धको धम्की, क्षमादान, विजयको अतिशयोक्तिपूर्ण प्रचार, कपट, छलछाम आदि तत्कालीन राज्यहरूले अबलम्बन गरेका कुटनीति थिए । महाकाव्यमा पृथ्वीनारायण शाहको युद्ध कुटनीतिको विवरण प्रस्तुत गर्ने बेलामा युद्धसित जोडिएका अन्य राज्यका युद्ध कुटनीतिलाई पनि केही न केही उल्लेख गरिएको हुँदा तत्कालीन युद्ध कुटनीतिको चित्र अगाडि आएको छ । महाकाव्यका सबैजसो प्रकरणमा गोरखा राज्यको कुटनीतिलाई केही न केही प्रस्तुत गरिएको छ । प्रकरण एकमा विवाह र काशीयात्रा, मकवानपुरसँगको पत्रव्यवहार (श्लोक- ), जुवाइँ-ससुरा संवाद (श्लोक-३२), प्रकरण दुईको सम्वाद र मल्लयुद्ध, शहीदको सम्मान र सद्गति, धनदौलतका भाग र बकस, दिल्लीका चिवाको पत्र, पीछा पर्नेलाई बकस, व्यवस्था र दानबकस, राजामा सौगात, बिदाइ भोज र शिकार, शमशेरजङ्गको उपाधि, प्रकरण तीनमा सेनानायकको हाँक, अङ्ग्रेजको फुट पार्ने कुटनीति गोरखाको न्यायनीति, रनिवास सहितको राजसी यात्रा, प्रकरण चारमा मित्रमिलन, कचहरीमा पत्रवाहक, पत्रोत्तर, मीतछोरालाई उपदेश, तीन शहरमा सौगात, उपहार र प्रस्थान, मित्रवियोगको पीर, चीन पठाउने सौगात, चौबीसीलाई निम्तो, बकस र बढाइँ, इनाम बकस, प्रकरण पाँचमा पत्रको पहुँच, रघुनाथ, मीरा र हीराबाइको बिदाइ, चौबीसीलाई बिदाइ र बकस, चीनबाट आएको उपहार र पत्रोत्तर, मीतबाबुसँग पत्राचार-यो राज्य तिम्रै हो, ससुरालीसँग उपहारको आदानप्रदान, बिदाइ, प्रकरण छ मा विदेशी व्यापारीलाई निसाफ, व्यापारीलाई भोटचीन व्यापारमा सुविधा, चक्रपाणि र पत्राचार, पाल्पा-पर्वतको मिलाप, मित्रबध र शोकपत्र, चीनसँग सौगातको आदानप्रदान, शोकाकुल पृथ्वीन्द्रको हाँक, ऋण तिर्ने र एकता गर्ने प्रस्ताव (जयप्रकाश प्रति), पशुपतितीर्थ खुलाउने र पाटन, भोट, किरात कायम राख्न, कीर्तिपुरको हप्की, धम्कीपूर्ण पत्र, प्रकरण सातमा प्रजारक्षाको प्रतिज्ञा, नाकाबन्दी गर्ने आदेश, प्रकरण आठमा दुबैतर्फका प्रजा एकै हुन्, जयप्रकाशको परिपाठ र उपदेश, जयप्रकाशको हाँक, पाटने प्रधानको कपट, जयप्रकाशको रणजीतलाई पत्र, रणजीतको व्यङ्गात्मक उत्तर, कलछल, चिवा विदा, प्रकरण नौमा सेना-ठगसाधु संवाद, पृथ्वीन्द्रको धर्मोपदेश, भक्तपुरमा मीतबासँग भेट, नुनको अभाव र अनिकाल, गोसाइँकुण्डको जात्रा र चिवाको प्रवेश, प्रकरण दशमा जयप्रकाशको पत्र, शहरमा लुट, सैन्यलाई सुऱ्याएको, चरलाई बकस, बीरनरसिंह मार्ने प्रयोग : टुनामुना र नरबलि, प्रकरण एघारमा शिक्षा र योग्यताको कदर प्रकरण बाह्रमा भगुवालाई क्षमा, चरको अभिनय- शाहराजाको आलोचना, जयप्रकाश-चरसंवाद र प्रकरण तेह्रमा पृथ्वीनारायणको गोप्य भ्रमण, जयप्रकाशको एकमुख भई लड्ने आदेश आदि शीर्षकका श्लोकहरूमा तत्कालीन समयमा प्रचलित कुटनीतिका झलक पाइन्छन् ।

कुटनीति राज्यको अस्तित्वको महत्त्वपूर्ण साधन हो । त्यसैले तत्कालीन राज्यले कुन तरिका अपनाउँदा आफ्नो राज्य सुरक्षित हुन सक्दछ भनेर त्यस अनुसार सुरक्षा प्रणालीलाई व्यवस्थित गर्दथे । कमजोर राज्यका लागि भयावहको स्थिति थियो भने बलियो राज्यका लागि पनि कमजोर राज्यको एकताले आफूलाई हानी पुग्ला कि भनी उत्तिकै भय थियो । त्यसैले गर्दा युद्ध भन्दा मिलापको नीतिलाई प्रायजसो सबै राज्यले अपनाउने गरेका थिए । यद्यपि त्यो कुटनीति सँधै एकै प्रकारको रहिरहने भन्नेमा कुनै निश्चयता थिएन । सामान्यतया राजघरानामा विवाहको प्रसङ्ग आएपछि राजघरानाकै राजकुमारीसित विहेबारी गर्नुपर्ने प्रचलन रहेकोले एक राज्यको राजकुमारका लागि अर्को राज्यको राजकुमारीसित मगनी गर्नुपर्ने अवस्था थियो । मिलाप र सम्बन्धका लागि विवाह कुटनीति अत्यन्त प्रभावकारी पनि थियो । तर त्यस प्रकारको सम्बन्धमा समस्या देखा परेपछि युद्धको अवस्था

सिर्जना हुन पनि बेर लाग्दैन्थ्यो । गोरखाका राजकुमार पृथ्वीनारायण शाहको मकवानपुरकी सेन राजकुमारीसित भएको विवाह र त्यसपछि त्यसमा पैदा भएको सङ्कटले गोरखा र मकवानपुरको सम्बन्धलाई शत्रुतामा बदलिदिएको थियो । त्यसले पृथ्वीनारायणको युद्ध आकाङ्क्षालाई थप मलजल गरेको थियो र उता दिग्बन्धन सेनलाई पनि पृथ्वीनारायण शाहसित इबी साँध्ने बहाना भएको थियो । त्यस्तै मितेरी सम्बन्धले पनि धेरै महत्त्व राख्दथ्यो । मितेरी सम्बन्धका कारण आपसी सम्बन्ध बलियो हुनाको साथै शत्रुका विरुद्ध लड्ने मोर्चालाई समेत बलियो बनाउँथ्यो । मितेरी सम्बन्धलाई प्रयोग गरेर अर्को राज्यको वास्तविकता पत्ता लगाउने र त्यस अनुसारले आफ्नो शक्तिलाई सन्तुलन बनाउने काम गरिन्थे । त्यो कुरा महाकाव्यमा स्पष्ट देखिन्छ । पृथ्वीनारायण शाह मीतबाबु जयप्रकाश मल्लको दरबारमा आउने जाने गरिरहन्थे । त्यसरी उनलाई काठमाडौं उपत्यकाको हाल बुझ्न सजिलो भयो । त्यस अनुसार उनले आफ्नो युद्धनीतिलाई समृद्ध गरेर लगे र आफूलाई युद्धमा विजयी बनाउन सफल भएका थिए । यसरी फाइदाका लागि मात्र सम्बन्ध स्थापित गर्ने कुटनीतिले तत्कालीन राज्यहरू एकापसमा शङ्काका दृष्टिले हेरिन्थे । शत्रुलाई कमजोर बनाउने उद्देश्यका साथ सम्बन्ध स्थापित गरिने भएपनि आफ्नो शक्तिलाई नै बलियो बनाउने भन्ने विषयलाई केन्द्रमा राख्ने धारणाबाट कसैले पनि आफूलाई छुट दिँदैन्थे । पृथ्वीनारायण शाहको मात्र नभएर मकवानपुर, नुवाकोट, काठमाडौ उपत्यकाका राज्यहरूले पनि त्यस प्रकारको नीति अपनाएर नै मितेरी, व्यापार, पत्राचार, हाँक, धम्की, विवाह आदिका सम्बन्धलाई अगाडि बढाएका थिए । पहिले उपत्यकाका राज्य बिचको सम्बन्धमा भएको शत्रुताले बाह्य शक्तिलाई प्रवेश गर्नको लागि मार्ग प्रशस्त गरेको थियो । त्यो कुरा महाकाव्यमा स्पष्ट देख्न सकिन्छ । बाह्य शक्ति भनेका पृथ्वीनारायण शाह थिए र पछि उनीबाट आफ्नो राज्यमाथि खतरा हुन थालेपछि उपत्यकका राज्यहरू बिच एकताको प्रयास पनि भएको तर त्यो धेरै ढिला भइसकेको र स्वयम् उपत्यकाका राज्यहरूको आपसी शङ्का र अनुदार चरित्रले गर्दा पछिल्लो समयमा अपनाएको कुटनीतिले काम गर्न नसकेकोले पृथ्वीनारायण शाहले जीत हासिल गर्ने सहज भएको कुरा महाकाव्यका विवरणबाट प्रष्ट हुन्छ । कुटनीति प्रभावकारी हुने वा नहुने भन्ने कुरा प्रयोगकर्ताको चतुर र कौशलताको प्रतिभामाथि आधारित थियो । पृथ्वीनारायणको त्यो क्षमता र प्रतिभाको महाकाव्यका विभिन्न प्रकरणमा उल्लेख गरिएको छ ।

### महाकाव्यमा विभिन्न पक्षको चित्र

महाकाव्यमा तत्कालीन समाजको चित्र आएको छ । त्यस बेलाको आर्थिक व्यवहार, उत्पादन प्रणाली, सांस्कृतिक पक्ष, शैक्षिक अवस्था र सामाजिक व्यवहार बारे महाकाव्यमा विभिन्न चर्चा गरिएका छन् । ज्ञानमणि नेपालका अनुसार त्यो बेलामा सिद्ध महात्मा जोगी जनहरूको ठुलो महिमा थियो (अर्ज्याल, २०६८, उदृत ज्ञानमणि नेपाल, पृथ्वीन्द्रोदय महाकाव्यको समीक्षाभाग, पृ. ४८१) । यसले सांस्कृतिक र सामाजिक जीवनमा सिद्ध महात्मा जोगी जनहरू प्रतिष्ठाका लागि अग्रपङ्क्तिमा थिए भन्ने कुरा प्रष्ट हुन्छ । सिद्ध महात्मा जोगी जनहरू ऋषि मन र तपस्वी साधनाले गर्दा चेतनायुक्त हुन्थे । उनीहरू अध्ययन र अनुसन्धानका दृष्टिले पनि धेरै अगाडि हुन्थे । किनभने उनीहरूले देशाटन, तीर्थाटन आदिको माध्यमबाट विभिन्न समाजको रीतिथिति, शासन व्यवस्था र आर्थिक अवस्थाको समेत प्रत्यक्ष अनुभव गर्ने गर्दथे । एकै ठाउँमा रहने व्यक्तिले विभिन्न समाजको बेग्लाबेग्लै चरित्र र प्रवृत्तिलाई बुझ्न समर्थ हुँदैन्थे, जुन सिद्ध महात्मा जोगी जनहरू सक्षम र समर्थ हुन्थे । त्यसैले समाजमा तिनीहरूको धेरै सम्मान हुने गर्दथ्यो । दरबारमा पनि उनीहरूप्रति उच्च सम्मान प्रकट गर्ने गरिन्थ्यो । तर उनीहरूको त्यस प्रकारको सम्मान र प्रतिष्ठाको दुरूपयोग गरेर नक्कली साधु, महात्मा जोगीले भने सामाजिक खलल पुऱ्याउँथे । खासगरी एक राज्यले अर्को राज्यका विरुद्ध षडयन्त्र गर्नु परेको अवस्थामा वा चियोचर्चो गरी गोप्यता थाहा पाउनका लागि नक्कली साधु, महात्मा जोगीहरूको भेष धारण गर्ने गरिन्थ्यो । त्यस विषयमा महाकाव्यमा विस्तृत चर्चा गरिएको छ । महाकाव्यमा राजधर्म, गृहस्थधर्म, कर्मकाण्ड आदिका बारेमा पृथ्वीनारायण शाह र भक्तपुरका राजा रणजीत मल्लका अभिव्यक्ति बनेर प्रकट भएका छन् (अर्ज्याल, २०६८, उदृत ज्ञानमणि नेपाल, पृथ्वीन्द्रोदय महाकाव्य समीक्षाभाग, पृ. ४८४) । यसले तत्कालीन राज्यका धर्म पालनका विभिन्न क्षेत्रमा गोरखा र भक्तपुर राज्य सचेत थिए । त्यो विषयमा अन्य राज्य पनि सचेत रहने कोशिस गर्दथे । विवाह र नेवार जातिको चर्चा महाकाव्यमा भएकोले त्यसबेलाको नेवार जात र विवाह संस्कार सम्बन्धी जानकारी पनि महाकाव्यमा आएका छन् । यसरी तिनीहरूबारे चर्चा भएकोले नेवार समुदाय कैयौं युगदेखि अस्तित्वमा रहँदै

आएको जानकारी प्राप्त हुन्छ । समाजमा विवाहसंस्कार, पारापाचुके, विभिन्न जातिको रहनसहन आदिबारे पनि महाकाव्यमा वर्णन गरिएको छ । समग्रमा महाकाव्यमा तत्कालीन राजनीति, युद्धको अवस्था र परिणाम, सामाजिक अवस्था, सांस्कृति र शैक्षिक स्तर र अवस्थाबारे वर्णन गरिएको छ ।

### महाकाव्यमा अतिरञ्जना

महाकाव्यमा पृथ्वीनारायण शाहलाई अतिरञ्जित गरिएको छ । सुरूको दोस्रो श्लोकमा नै १२ वर्षको उमेरमा नै सिङ्घानचोकमाथि विजय गरेर वरिपरिका सानातिना राज्यहरूलाई वशमा पार्न सफल भएको भनेर उनको मण्डन गरिएको छ । त्यति सानो उमेरमा नै त्यस प्रकारको युद्ध कौशलता बुझ्ने संसारमा को हुन्छ र ? तर पृथ्वीनारायणले त्यो कुरा बुझे भनेर गरिएको मण्डनलाई कृष्ण अवतार भई कंसको नास गरिएको प्रसङ्गसित जोडेर हेर्न सकिन्छ । कृष्णले बालक हुँदा नै कंस जस्ता शक्तिशाली शासकको नास गर्न सफल भए । त्यो कसरी सम्भव भयो ? भन्ने प्रश्न उठ्दा यसको सहज जवाफ कृष्ण भगवान हुन् भन्ने हुन्छ । महाकाव्यकारले यो भनिदिएका छन् कि भगवान रामले जस्तै निसाफ दिने विवेकी राजा भएकोले मधेश, भोट, विभिन्न राज्यबाट विचलित भएका मानिसहरू उनीसित मिल्न आए (प्रकरण : एक, श्लोक ३) । त्यसबेला मधेश र भोटका मान्छेले नेपाल मण्डलभरि आफ्नो व्यापारलाई फैलाउन कोशिस गरिरहेका थिए । त्यसैले व्यापारीहरू मुसो बनेर कुनै राज्यमा पस्ने परम्परा यहाँको मात्र नभएर विश्वभरि नै थियो । मधेश र भोटका मानिसहरूले पनि त्यो प्रयत्न गर्नु स्वाभाविक थियो । तर न्याय पाउनका लागि अर्काको राज्यका मानिसहरू गोरखामा किन जान्थे र ? यदि त्यसो हो भने पनि उनीहरूले आफ्नो राज्यलाई धोका दिएपछि, राज्यबाट धपाइएपछि मात्र त्यहाँ शरण लिन जान सक्दथे । एक प्रकारले तिनीहरू कुनै राज्यका राज्यद्रोही वा विद्रोही थिए । त्यसरी भागेकाले आश्रय र राहत पाएपछि न्याय पाउनु सरह भएकोले गोरखाका राजालाई विवेकी भनेको पनि हुन सक्दछ । नत्र इतिहासमा कुनै राज्यमा पनि गोरखाको न्यायप्रणालीको उल्लेख्य बयान गरी विवरण प्रकाशित भएको पाइँदैन । भगवान रामले जस्तै निसाफ दिने भएको भए त राम राज्य नै हुन्थ्यो । तरबारले श्रीपेचको नक्सा कोनुपर्ने आवश्यकता हुँदैन्थ्यो । भगवानले मानिसका विरुद्ध तरबार उठाउनु मनासिव देखिँदैन, तर पृथ्वीनारायण शाहले आफ्नो राज्यविस्तारका लागि तरबार उठाएका थिए । भगवानसित मानिसको तुलना आफैमा एक अतिरञ्जना हो । महाकाव्यमा पृथ्वीनारायण शाहलाई पनि त्यही रूपमा प्रस्तुत गरेर बाह्र वर्षको उमेरमा नै युद्धनीति बुझ्ने कोही पनि हुँदैन, उनी बाहेक । यो अतिरञ्जना हो । राजालाई शक्ति प्रदान गर्ने तत्कालीन अन्य नीतिकारको केन्द्रीय भूमिका रहेको कुरालाई स्वीकार गर्न नसक्नु, जनताको शक्ति, बुद्धि र सामार्थ्यको कुरालाई देख्न नसक्नाले एकोहोरो अतिरञ्जन रटान राजाको पक्षमा भएको छ । यो साहित्य भएपनि ऐतिहासिक विवरणको बकपत्रमा उल्लेख भएका शब्द र शब्दका बिचमा खाली रहेको स्थानमा अतिरञ्जना प्रवेश गर्नाले वास्तविकताप्रति पर्दा हालेको आभाष प्राप्त हुन्छ । त्यतिबेलाको युग राजभक्तको भएकाले महाकाव्यकारले राजाप्रतिको भक्तिभाव दर्शाउन त्यस प्रकारको अतिरञ्जनाको सहारा लिनुपरेको हुन सक्दछ । राजभक्ति हुनाको लागि राजाका वास्तविकतालाई स्वीकार गरेर पनि सम्भव थियो । तर दुनियाँको अगाडि पनि राजालाई अब्बल प्रमाणित गराएर प्रजाले अब्बलताको जयजयकार गर्नु श्रेयस्कार हुने भएकोले कवि मन त्यतातिर बढी लालयित भएको देखिन्छ । त्यो जे भएपनि पृथ्वीनारायण शाह राम, कृष्ण कोही थिएनन् तर आफ्नो राज्यलाई विस्तार गर्न प्रतिबद्ध राजा थिए भन्नु न्यायोचित हुन्छ । युवराजको हैसियतले राज्यसत्ताको विरासत उनलाई स्वतः प्राप्त हुन्थ्यो । त्यो अवस्थामा दश, एघार वा बाह्र वर्षको उमेरमा पनि वंशजीय परम्परा अनुसार राजा हुनु, राजाको हैसियतले हुकुम दिनु, सैनिक नेतृत्व गर्नु, शासन चलाउनु र राज्यको सुरक्षा गर्नु दरबारको परम्परा अनुसार थियो । राजाको उमेर कम भएको बेलामा राज्यको सुरक्षादेखि जनताको रेखदेख गर्ने विभिन्न नीतिकार, योजनाकार नै थिएनन् भनेर कसले भन्न सक्दछ र ? राजाको बयान भारी हुँदा नीतिकार र योजनाविद् ओझेलमा परेको आभाष हुन्छ ।

## निष्कर्ष

पृथ्वीन्द्रोदय महाकाव्य अपूरो छोडिएको भएपनि ऐतिहासिक दृष्टिले यो धेरै महत्त्वपूर्ण सामग्री हो । यो इतिहासको विषय नभएपनि यसमा उल्लेख भएका कैयौँ पक्षहरू इतिहासका सत्य साक्षी हुन् । उदयानन्दको महाकाव्यीय प्रतिभा उच्च हुनुका साथै आफ्नो युगको महाकवि भएको कुरामा सन्देह छैन । यो महाकाव्य पूर्वीय

साहित्यिक मूल्य र मान्यताको कसीमा नेपालको सन्दर्भमा धेरै उच्च रहेको मान्न सकिन्छ । महाकाव्यकारमा महाकाव्यीय चेतना भएको कुरा स्पष्ट छ । त्यसैले त्यसको व्यवस्था गर्दा प्रकरण, श्लोक र छन्दमाथि ध्यान दिइएको छ । यो नेपाली महाकाव्यको उत्कृष्ट कृतिमध्ये एउटा हो । महाकाव्यकारको समयावधि संसारभरि सामन्तवादको दबदबा चलेको बेला नै हो । सामन्तवादको मुख्य प्रवृत्ति आफू केन्द्रमा रहनु हो । त्यो बेलामा राजा सामन्तवादका नाइके थिए र उनीहरूलाई उच्च अर्थात ईश्वरको समीपमा राखेर सोच्ने र त्यस अनुसार व्यवहार गर्ने गरिन्थ्यो । त्यो बेलाको युगको विशेषताबाट पं. उदयानन्द अर्ज्याल पनि छुट थिएनन । त्यसैले उनले समाज विकासको प्रक्रियालाई राजभक्तिको आँखाबाट हेर्नु स्वभाविक थियो । ती सबैका बाबजुद पनि मकवानपुर र नुवाकोटको तत्कालको राजनीतिक परिस्थिति, त्यसैगरी काठमाडौ उपत्यकाका तीन वटै राज्यको बेमेल र वैमनस्यताको कारण उनीहरूको युद्धमा हार सुनिश्चित बन्दै गएको कुरा महाकाव्यमा प्रस्तुत भएको छ । त्यसले इतिहासको वास्तविकताप्रति आफ्नो बकपत्र दिन महाकाव्य सफल भएको प्रतित हुन्छ । पृथ्वीन्द्रोदय महाकाव्यले नेपालको ऐतिहासिक निर्माण प्रक्रियाको इतिहासलाई धेरै हदसम्म प्रमाणिक रूपले बोल्ने प्रयत्न गरेको आभाष हुन्छ । यद्यपि त्यो इतिहास नभएर साहित्यको कवितात्मक हरफमा प्रस्तुत भएको नै किन नहोस् । यो पुस्तक नेपाली साहित्यको मौलिक र मूल्यवान कृति हो ।

## सन्दर्भ सूची


अधिकारी, कोमलनाथ (अनु.) (२०२३) *साहित्यदर्पण.* रोयल नेपाल एकेडेमी ।

अधिकारी, टीकाराम (२०५०) *महाकवि कालिदास,* द्वितीय.संस्क. साझा प्रकाशन ।

अर्ज्याल, उदयानन्द. २०६८. *पृथ्वीद्रोदय महाकाव्य.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

किथ, ए.बी. (सन् १९६७). *संस्कृत साहित्य का इतिहास,* द्वितीय.संस्क. मोतीलाल बनारसीदास ।

खनाल, यदुनाथ (२००३). *समालोचनाको सिद्धान्त.* साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५२). *महाकवि देवकोटा र उनका महाकाव्य.* साझा प्रकाशन ।

जोशी, ताराप्रसाद (२०४६) *आर्दश राघवको शास्त्रीय विवेचना.* साझा प्रकाशन ।

तिमसिना, डिल्लीराम (अनु.) (२०३०) *काव्यमीमांसा.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, हिमांशु (२०३६) *साहित्य परिचय.* साझा प्रकाशन ।